# संघीयताको सवलीकरणका लागि प्रदेश र स्थानीय तहबीच रणनीतिक अन्तरसम्बन्ध

*ढुण्डी प्रसाद निरौला*

*सचिव*

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रदेश नं.३, हेटौंडा

*मिति : २०७२/०२/२४ गते*

# प्रस्तुतीकरणको उद्धेश्य

- प्रदेश र स्थानीय तहको आपसी अन्तरसम्बन्धका रणनीति उजागर गर्नु
- आपसी अन्तरसम्बन्धका सवालको लेखाजोखा गर्नु
- भोग्नुपरेका विद्यमान समस्या तथा चुनौतीको विष्लेषण गर्नु
- बलियो अन्तरसम्बन्धका लागि भावि उपायका साझा सवालका खोजी गर्नु

# प्रस्तुतीको रुपरेखा
## (अवस्था, व्यवस्था, समस्या र समाधान)

- प्रदेशको अवस्था
- मुख्य मुख्य जिम्मेवारी
- प्रशासनिक संरचना र दरबन्दी


राजनीतिक, आर्थिक, सामाजिक र विकासका आयाम

- तीन तहबीच अन्तरसम्बन्धः

नीतिगत, संस्थागत, कार्यगत र व्यवहारगत अन्तरसम्वन्ध

- कानुनी व्यवस्था र कार्यान्वयन अवस्था
- अन्तरसमन्वय र चुनौतीःसंघ-प्रदेश, प्रदेश-स्थानीय र तीन तह
- आगामी दिशा

# तीन तहका सरकारबीच राजनीतिक र आर्थिक विकासको अन्तरसम्बन्ध



# प्रदेशको समष्टिगत अवस्था

- भौगोलिक क्षेत्रफलः २०,३०० वर्ग कि.मि. (१३.७९ %)
- कूल जनसंख्याः ५५,२९,४५२(२०.८७ %)
- महिलाः२७ लाख ४७ हजार पुरुषः२७लाख ८१ हजार कुलपरिवारः १२लाख ७० हजार
- जनसंख्या बृद्धिदरः १.९१ %
- जिल्ला संख्याः १३ स्थानीय तहको क्षेत्रः ११९ (१५.८ %)
  (म.न.पा. ३, उ.म.न.पा.१, न.पाः४१ गा.पा. ७४ )
- प्रतिनिधि सभाको क्षेत्रः ३३ (२० %)
- प्रदेश सभाको क्षेत्रः ६६ (२० %)
- गरिबीको रेखामुनिको जनसंख्याः १५.३ % (राष्ट्रिय १८.०७)(स्रोतः प्रदेश वस्तुस्थिति विवरण)
- जनसंख्या बृद्धिदरः ऋणात्मक ७ जिल्ला
  - धनात्मक ६ जिल्ला (सिन्धुली, उपत्यकाका तीन, मकवानपुर र चितवन)
- विद्युत उत्पादन – ३४०.३ मेघावाट (स्रोतः प्रदेश वस्तुस्थिति विवरण)
- बैदेशिक सहायताको अंशः प्रथम स्थान

# प्रदेश सरकारको जिम्मेवारी

- प्रदेशभित्र शासकीय व्यवस्थाको निर्देशन, नियन्त्रण र सञ्चालन,
- नीति, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
- मानव संशाधन विकास योजना तर्जुमा र कार्यान्वयन,
- राजनीतिक, आर्थिक, सामाजिक विषयको सम्बोधन
- शान्ति सुव्यवस्था एवं प्रशासनिक सम्बोधन,
- मानव अधिकार संरक्षण, सुशासन, भ्रष्टाचार नियन्त्रण र प्रशासन सुधार,
- संवैधानिक आयोग र अन्य संघीय तथा प्रादेशिक आयोगसँगको समन्वय,
- संघको स्वीकृतिमा द्विपक्षीय वा वहुपक्षीय सन्धि, सम्झौता र कार्यान्वयन,
- संघ, प्रदेश र स्थानीय तहसँगको समन्वय र अन्तरसम्बन्ध,
- प्रदेश समन्वय परिषद्
- राष्ट्रिय र प्रदेशस्तरका तालिम केन्द्रसँगको सम्पर्क र समन्वय,
- सार्वजनिक सेवाको न्यूनतम मापदण्ड निर्धारण र सेवाप्रवाह अनुगमन,
- स्थानीय तहको लागि कर्मचारी, कार्यालय व्यवस्थापन, जनप्रतिनिधिहरुको सेवासुविधा लगायतका कानून, कार्यविधि, मापदण्ड तर्जुमा

# प्रदेशको प्रशासनिक संरचना र जनशक्ति

- मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - ५२
- आन्तरिक मामिला तथा कानून मन्त्रालय - ३८
- आर्थिक मामिला तथा योजना मन्त्रालय - ४८+२०=६८
- उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय - ४५+११६९=१२१४
- भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय - ७३+५३५ . ६०८
- भौतिक पूर्वाधार विकास मन्त्रालय - ५५+८३९ . ८९४
- सामाजिक विकास मन्त्रालय - ५४+७८५ . ८३९
- प्रदेश सभा सचिवालय - ३६
- मुख्यन्यायाधिवक्ताको कार्यालय, हेटौंडा - ११
- कुल स्थायी दरबन्दी- ३७६०
- अस्थायी कार्यालय- १९ (दरबन्दी -१९२)
- प्रदेश नीति तथा योजना आयोग – २२
- कुल दरबन्दी संख्या: ३९७४

http://ocmcm.p3.gov.np/

# प्रदेशको प्रशासनिक संरचना र जनशक्ति...

- प्रदेशस्थित १३ जिल्ला समन्वय समिति, ११९ स्थानीय तह (म.न.पा.-३, उ.म.न.पा.-१ र न.पा.-४१, गाउँपालिका-७४)
- प्रदेश मातहतका प्रशासनिक संरचना - १५७
  - ७ मन्त्रालय
  - ७ विभाग
  - बाँकी कार्यालयहरु
- कार्यरत जनशक्ति- २५३७ (कर्मचारी आउने क्रम जारी)
- रिक्त दरवन्दी -१२२३ (३२ प्रतिशत)

# संवैधानिक तथा कानुनी व्यवस्था

क) राजनीतिक अन्तरसम्बन्ध

ख) वित्तीय अन्तरसम्बन्ध

ग) प्रशासनिक अन्तरसम्बन्ध

# संवैधानिक तथा कानुनी व्यवस्था

## राजनीतिक अन्तरसम्बन्ध-१

- धारा ८६(२): प्रदेश सभाका सदस्य, स्थानीय तहका प्रमुख उपप्रमुख, राष्ट्रिय सभाको निर्वाचन मण्डलका सदस्य हुने
- धारा २३४ : संघ-प्रदेश र प्रदेश-प्रदेशबीच विवाद समाधान गर्न अन्तर प्रदेश परिषद्
- धारा ५८: अवशिष्ट अधिकार संघमा निहित
- धारा २३४ : अन्तरप्रदेश परिषद् तीन तहबीचको राजनीतिक विवाद समाधान गर्न
- २३५ (३): प्रदेश र स्थानीय तह बीचको समन्वय र विवाद समाधानको प्रक्रिया र कार्यविधि प्रदेश कानुन बमोजिम
- संविधान र अन्य कानून बमोजिम प्रदेशले स्थानीय तहका लागि कानून बनाइदिने विषय: पारिश्रमिक तथा सेवा सुविधा सम्बन्धी कानून, घरजग्गा रजिष्ट्रेशन, सवारीसाधन कर, मनोरञ्जन कर, दहत्तर बहत्तर शुल्कको दर निर्धारण

# संवैधानिक तथा कानुनी व्यवस्था

## राजनीतिक अन्तरसम्बन्ध-२

- मूल तथा पूरक कानून बनाउने : अनुसूची ७ (संघ र प्रदेशको साझा अधिकारको सूची) र अनुसूची ९ (संघ, प्रदेश र स्थानीय तहको साझाअधिकारको सूची)
- धारा २३२: सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित
- धारा २३२(३):
  - प्रदेशमा सार्वभौमसत्ता र स्वाधीनतामा आँच आउने भएमा प्रदेश मन्त्रिपरिषद्लाई राष्ट्रपतिले सचेत गराउने
  - प्रदेश सभा र प्रदेश मन्त्रिपरिषद् निलम्बन तथा विघटन राष्ट्रपतिले, अनुमोदन संघीय संसदले
- दफा १०५: प्रदेश समन्वय परिषद (स्थानीय सरकार सञ्चालन ऐन, २०७४)
- दफा ४ र ६: स्थानीय तहको नाम र केन्द्र तथा वडा संख्या र सीमाना हेरफेर प्रदेश सरकारको सिफारिसमा संघीय सरकारले गर्न (स्थानीय सरकार सञ्चालन ऐन, २०७४)

# संवैधानिक तथा कानुनी व्यवस्था

## वित्तीय अन्तरसम्बन्ध-१

- धारा ५९(२); संघले साझा सूची र आर्थिक अधिकारका क्षेत्रमा प्रदेशलाई समेत लागू हुने गरी नीति, मापदण्ड कानुन बनाउने,
- धारा ५९(३); प्रदेश र स्थानीय तहले बजेट पेश गर्ने समय संघीय कानुन बमोजिम हुने,
- धारा ५९ (६); वैदेशिक सहायता एवम् ऋण लिने अधिकार संघीय सरकारको हुने,
- धारा ५९(७); वित्तीय अनुशासन र बजेट घाटा व्यवस्थापन संघीय कानुन बमोजिम हुने,
- धारा ६०(१) को प्रतिवन्धात्मक वाक्याशः साझा सूची र कुनै पनि तहको सूचीमा नपरेको विषयमा कर लगाउने अधिकार संघीय सरकारको हुने,
- धारा ६०(३): प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्त हस्तान्तरणको परिमाण वित्त आयोगको सिफारिस बमोजिम हुने
- धारा ६० (५): संघीय सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठ्ने राजस्वलाई स्थानीय तहको खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा प्रदेश कानुन बमोजिम वित्तीय समानीकरण अनुदान वितरण हुने।

# संवैधानिक तथा कानुनी व्यवस्था

## वित्तीय अन्तरसम्बन्ध-२

- धारा २२८ (२): स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रको विषयमा छिमेकी प्रदेश वा स्थानीय तहलाई प्रतिकूल नहुने र राष्ट्रिय आर्थिक नीतिमा बाधा नपर्ने गरी कर सम्बन्धी कानुन बनाउन सक्ने ।
- धारा २३० (२): स्थानीय तहले बजेट बनाउँदा घाटा बजेट निर्माण गर्नुपर्ने भए संघीय र प्रदेश कानुन बमोजिम घाटा पूर्ति गर्ने स्रोत समेत प्रस्ताव गर्नुपर्ने ।
- दफा ५(८): एकल कर प्रशासन: (अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४)

(क) सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने

(ख) घरजग्गा रजिष्ट्रेशनको दर प्रदेशले लगाउने र स्थानीय तहले उठाउने

(ग) मनोरञ्जन कर प्रदेशले लगाउने र स्थानीय तहले उठाउने ।

(घ) विज्ञापन करको दर स्थानीय तहले लगाउने र उठाउने

# अन्तरसम्बन्धको सवाल

## वित्तीय अन्तरसम्बन्ध-३

- धारा ५९ (३): बजेट पेश गर्ने समय संघीय कानुन बमोजिम हुने
- धारा ५९ (७): घाटा बजेट र वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने
- धारा ६० (६): संघीय सञ्चित कोषबाट प्रदान गर्ने सशर्त, समपूरक र विशेष अनुदान संघीय कानुन बमोजिम हुने
- दफा १६ (१): वित्त आयोगले अनुदान सिफारिस गर्दा लिइने आधारहरु (प्राकृतिक स्रोत साधन तथा वित्त आयोग, २०७४)

१. शिक्षा, स्वास्थ्य खानेपानीमा मा.वि.सु.
२. स्थानीय तहको सन्तुलित विकास
३. आर्थिक, सामाजिक र विभेदको अवस्था
४. प्रदेश स्थानीय पूर्वाधार विकास अवस्था र आवश्यकता

५. स्थानीय तहले जनतालाई पुर्याउनु पर्ने सेवा
६. स्थानीय तहको राजस्व स्थिति र उठाउन सक्ने अवस्था
७. स्थानीय तहको खर्चको अवस्था

# अन्तरसम्बन्धको सवाल

## वित्तीय अन्तरसम्बन्ध-४

**अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४**

- दफा २५: प्रदेश र स्थानीय तहले संघीय सरकारको आर्थिक तथा वित्तीय नीति अनुसरण गर्नु पर्ने,
- दफा २६: प्रत्येक तहले आफूलाई प्राप्त हुने सबै आय आफ्नो सञ्चित कोषमा दाखिला गर्नु पर्ने,
- दफा २८: अनुदान जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनमा मात्र खर्च गर्नु पर्ने।
- दफा ३१ : सबै तहको आय व्ययको वर्गीकरण र लेखाङ्कन संघीय सरकारले निर्धारण गरे बमोजिम हुने,

# अन्तर सम्बन्धको सवाल

## वित्तीय अन्तरसम्बन्ध-५

### अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

- ❑ दफा ३२ (१) : आय व्ययको आवधिक विवरणको ढाँचा संघीय सरकारले तय गरे बमोजिम हुने।
- ❑ दफा ३२ (३) : स्थानीय तहले आफूले गरेको आय व्ययको विवरण त्यस्तो अवधि सकिएको १५ दिन भित्र प्रदेश समक्ष पेश गर्नु पर्ने। दोस्रो चौमासिक विवरण पेश गर्दा तेस्रोको अनुमानित विवरण पेश गर्ने
- ❑ दफा ३२ (५): सो विवरण पेश नगरेमा प्रदेश र स्थानीय तहलाई उपलब्ध गराउने अनुदान रोक्का हुन सक्ने।
- ❑ दफा ३३: अन्तरसरकारी वित्त परिषद्मा संघीय सरकार र प्रदेश सरकारका अर्थमन्त्री र प्रत्येक प्रदेश भित्र स्थानीय तहका प्रमुख उपप्रमुख (२ जना) सदस्य रहने।

# राजस्व बाँडफाँटका लागि विभाज्य कोष सञ्चालन व्यवस्था

## वित्तीय अन्तरसम्बन्ध-६

- प्रदेश विभाज्य कोषको व्यवस्था (मलेनिकाले तोकेको)
  - प्रदेश सरकारले उठाउने र अन्तरतह बाँडफाँट गर्ने व्यवस्था गर्न राष्ट्र बैंकमा प्रदेश विभाज्य कोष र स्थानीय विभाज्य कोष खाता रहने।
  - सो को सञ्चालन तथा रकम झिक्ने राख्ने अधिकार प्रलेनिका बाट हुने
- यातायात क्षेत्रको कर : सवारी साधन कर, चालक अनुमति पत्र र यातायात क्षेत्रमा भएको आम्दानीको प्रतिवेदन प्रदेश लेखा नियन्त्रक कार्यालयले गर्ने।
- आम्दानी भएको भोलिपल्ट प्रदेश विभाज्य कोषमा जम्मा गर्ने व्यवस्था गर्ने।
- रकम बाँडफाँट गर्दा ६० प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गर्ने र बाँकी ४० प्रतिशत स्थानीय विभाज्य कोषमा जम्मा गरी वित्त आयोगको सिफारिस बमोजिम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा दाखिला गर्ने।

# राजस्व बाँडफाँटका लागि विभाज्य कोष सञ्चालन व्यवस्था

## वित्तीय अन्तरसम्बन्ध-७

- जग्गा रजिष्ट्रेशनको रकम: ख६ (विविध) खातामा जम्मा हुने।
  - महिना समाप्त भएको ३ दिन भित्र राजस्वको ४० प्रतिशत प्रदेशलाई र ६० प्रतिशत सम्बन्धित स्थानीय सञ्चित कोषमा हस्तान्तरण गर्ने।
  - मालपोत कार्यालयबाट विवरण र रकम खुलाई कोलेनिकामा पठाउने त्यसपछि कोलेनिकाले सम्बन्धित तहको खातामा रकम ट्रान्सफर गरिदिने।
- स्थानीय तह आफैले संकलन गरी बाँडफाँट गर्ने राजस्व (मनोरञ्जन कर, विज्ञापन कर, ढुँगा गिट्टीको बिक्री) ग४ समूहको ग४-२ खातामा जम्मा गरी मासिक रुपमा ६० प्रतिशत स्थानीय तहको सञ्चित कोषमा र ४० प्रतिशत प्रदेशको सञ्चित कोषमा दाखिला गर्ने।
- स्थानीय तहले संकलन भएको तथा बाँडफाँट गरिएको राजस्वको विवरण मासिक रुपमा सम्बन्धित प्रदेशलाई दिनु पर्ने ।

# प्रदेश र स्थानीय तहबीच राजश्व योगदान तथा वित्तीय हस्तान्तरणमा सहभागिता

## वित्तीय अन्तरसम्बन्ध-८

- प्रदेश र स्थानीय तहबीच समन्वय र सहकार्यःबजेट, योजना, आपसी अन्तरक्रिया, अभिमुखीकरण र छलफल तथा वित्तीय हस्तान्तरणका माध्यमले
- प्रदेशको वित्तीय हस्तान्तरण र योगदानः
  - वित्तीय समानीकरण अनुदानः पूँजीगत खर्चका लागि मात्र प्रयोग हुने।
  - राजश्व बाँडफाँटको रकमः प्रशासनिक तथा पूँजीगत दुवैका लागि खर्च हुने ।
  - समपुरक र विशेष अनुदानः समपुरक अनुदान पुर्वाधार विकासमा र विशेष अनुदान क्षमता विकास र उत्थानका लागि खर्च हुने।
  - स्थानीय तहको वित्तीय हस्तान्तरण र योगदानः ढुङ्गा, गिट्टी वालुवा दहत्तर वहत्तर तथा मनोरंजन कर न्यून रुपमा दाखिला भएको

# संवैधानिक तथा कानुनी व्यवस्था

## प्रशासनिक अन्तरसम्बन्ध -१

एकल अधिकार ; स्थानीय तहले अनुसूची ८, प्रदेशले अनुसूची ६ र संघले अनुसूची ५ बमोजिमको अधिकार प्रयोग गर्ने,

- धारा २३३(३): एक प्रदेशले अर्को प्रदेशको बासिन्दालाई आफ्नो प्रदेशको कानुन बमोजिम समान सुरक्षा, व्यवहार र सुविधा उपलब्ध गराउनु पर्ने,
- धारा २३५(१): तीन तह बीचको समन्वय संघीय कानुन बमोजिम हुने (कानुनको आवश्यक पर्ने)
- २३६: एक अर्को प्रदेश वा स्थानीय तहको क्षेत्रमा वस्तुको ढुवानी वा सेवाको विस्तारमा बाधा अवरोध गर्न नहुने, कर/शुल्क/महसुल लगाउन र भेदभाव गर्न नपाइने।
- धारा २३५(३) प्रदेश र स्थानीय तहबीच समन्वय र राजनीतिक विवाद समाधान गर्ने प्रकृया र कार्यविधि प्रदेश कानुन बमोजिम हुने

# अन्तर सम्बन्धको सवाल

- **प्रशासनिक अन्तरसम्बन्ध-२**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४

- दफा ११ को २(घ): स्थानीय कर र सेवा शुल्क दस्तुर संघीय तथा प्रदेश कानुनको अधीनमा रही लगाउने: सम्पत्ति कर, घरबहाल कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमि कर, मनोरञ्जन कर र राजस्व चुहावट नियन्त्रण सम्बन्धी नीति कानुन मापदण्ड र नियमन।
- दफा ११ को २(छ)(५): संघीय तथा प्रदेश मापदण्डको अधीनमा रही स्थानीय तहका विकास योजना र परियोजनाको व्यवस्थापन: शहरी विकास, एकीकृत बस्ती विकास, भू उपयोग नीति, जग्गाको एकीकरण तथा जग्गा विकास व्यवस्थापन।

# अन्तर सम्बन्धको सवाल

## ❑ प्रशासनिक अन्तरसम्बन्ध-३

स्थानीय सरकार सञ्चालन ऐन, २०७४

- दफा २४(१) र (२): स्थानीय तहले आवधिक, वार्षिक, रणनीतिगत, क्षेत्रगत, मध्यकालीन, दीर्घकालीन योजना लागू गर्दा संघीय सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुने गरी गर्नु पर्ने।
- दफा २४(९): स्थानीय तहले संघीय र प्रदेशस्तरको आयोजना कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग गर्नु पर्ने।
- दफा १०५: प्रदेश र स्थानीय तहबीच देहायका विषयमा समन्वय स्थापित गर्न प्रदेश समन्वय परिषद् रहने

  (क) प्रदेश र स्थानीय तहले गर्ने कामको नीतिगत सामञ्जस्यता

  (ख) योजनाको रणनीतिक साझेदारी

  (ग) साझा अधिकारक्षेत्रको प्रयोग

  (घ) प्राकृतिक स्रोतको उपयोग र बाँडफाँड

# अन्तर सम्बन्धको सवाल

## ❑ प्रशासनिक अन्तरसम्बन्ध-४

स्थानीय सरकार सञ्चालन ऐन, २०७४

- दफा १०६(१)क: नेपाल सरकार र प्रदेश सरकारले मार्ग दर्शन उपलब्ध गराउने: स्थानीय तहको बजेट प्रक्रिया सुरु हुन अघि संघीय तथा प्रदेश तहको बजेट सीमा, राष्ट्रिय तथा प्रदेशको प्राथमिकता र मापदण्ड खुलाई मार्गदर्शन पठाउने।
- दफा १०६(१)घ: संघीय तथा प्रदेश सरकारले आफ्नो अधिकार क्षेत्र भित्रका कुनै योजना स्थानीय तहबाट सञ्चालन गर्दा बढी राम्रो हुने देखिएमा त्यस्तो बजेट सम्बन्धित स्थानीय तहलाई उपलब्ध गराउने।
- दफा १०६(२): संघ तथा प्रदेश सरकारले जिल्ला समन्वय समितिको अधिकार क्षेत्र सम्बन्धी काम गर्न आवश्यक सहयोग गर्नु पर्ने।

# समस्या तथा चुनौतीहरु

क) समस्या, चुनौति र अलमल के मा ?

ख) नीतिगत, संरचनागत , कार्यगत र व्यवहारगत अलमलहरु

ग) आपसी अन्तरसम्बन्ध र समन्वयमा अलमल

घ) राजस्व बाँडफाँट र अनुदान हस्तान्तरणमा समस्या

# समस्या तथा चुनौती


शुरु कता गन्तव्य
कहाँ !?
????
काम
गर्नेहरु
काम
गर्ने
साधन
?????
टेकिएको
धरातल
संघीयताको
सबलीकरणका
उपायहरु !
सम्भावित जोखिमका क्षेत्रहरु
सहकारिता, सह-अस्तित्व र समन्वय
http://ocmcm.p3.gov.np/

# समस्या, चुनौती र अलमल

नौलो अभ्यास !?

समृद्धि कसका लागि!?

जिम्मेवारी कसको !?

अनुगमन मूल्याङ्कन कसरी गर्ने !?

अन्तरसमन्वय कानुन कहिले बन्ने ?

एक्ला एक्लै कि सँगै हिडेर पुगिन्छ !?

आय व्ययको अवस्था स्वचालित बनाउने कि नबनाउने !?

एकल कि साझा स्वार्थ !?

समन्वय सहकार्य स्वेच्छिक कि अनिवार्य !?

समन्वय कसले गर्ने !?

उन्नति प्रगति भए हाम्रो बिग्रिए कस्को !?

बजेट, योजना, राजश्व, स्रोत साधन परिचालन कसरी गर्ने !?

http://ocmcm.p3.gov.np/

# समस्या, चुनौती र अलमल

नीतिगत अलमलः मूल नीति र पूरक नीति नबनेका, कसले कुन नीति हेर्ने प्रष्ट नभएको, अनुसूचि बमोजिमका संरचना, योजना तथा कार्यक्रम सहि ठाँउमा हस्तान्तरण नभएका,

संरचनागत अलमलः

- मूल र पूरक संरचना नबनेका, समन्वय गर्ने संयन्त्र नतोकिएको, अधिकारक्षेत्र कार्यान्वयनको सीमाङ्कन नभएको, चाहिएजस्तो संरचना र जनशक्ति नभएको,

कार्यगत अलमलः योजनाको आवश्कता पहिचान गर्ने स्वचालित संयन्त्र नभएको

- स्वतन्त्र सरकार हौं भन्ने भावनाले समन्वय कमजोर रहेको,
- आपसी सहमति, सम्वाद, सहकार्य र समन्वय रहनुपर्नेमा उदासिनता रहेको,
- अरुका नीति तथा योजना हुन भनी वेवास्ता हुने गरेको,
- योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन कसरी परिपुरक बनाउने भन्ने सामुहिक भावना मुखरित हुन नसकेको

# समस्या, चुनौती र अलमल

व्यवहारगत अलमतः

- नीति र योजना निर्माणमा आपसी समन्वय नभएको (तीन P)
- अभिलेखीकरण, सुसम्बन्ध र प्रतिवेदनमा समन्वय कमजोर (तीन R)
- अनुशासन र आचरणका आपसी शुत्रहरु कसले बनाउने र कसरी प्रयोग गर्ने भन्नेमा अलमल, सरकारबीच दण्ड र पुरस्कार प्रणालीलाई कसरी संस्थागत गर्ने भन्ने अलमल,
- समन्वय, सहकार्य र सहभावनाको कमजोर संस्कृति

# समस्या, चुनौती र अलमल

## आपसी अन्तरसम्बन्ध र समन्वयमा अलमल

- सरकारको आ-आफ्नो भूमिका निर्वाह गर्ने सन्दर्भमा समन्वयमा कम ध्यान,
- कसले कुन क्षेत्र र कुन हदसम्मको समन्वय गर्ने र पालना गर्ने भन्नेमा उदासिनता,
- एउटा संघीय इकाईले बनाएका कानून, मापदण्डहरु अर्कोले वे-वास्ता,
- कानून बमोजिम गर्नुपर्ने आय व्ययको विवरण, भौतिक र वित्तीय प्रगति प्रतिवेदन यथासमयमा उपयुक्त निकायमा पेश हुन नसकेको,
- तहगत अन्तरसम्बन्धको सीमारेखा स्पष्ट नभएको,
- विकास योजना निर्माण तथा कार्यान्वयनमा आपसी सहयोग र समन्वय कमजोर,
- साझा अधिकारका विषय स्पष्ट नहुँदा गोधुली उत्तरदायित्वको रुपमा 'हराएको गाई सूर्यलाई दान' जस्तो भएको ।

# समस्या, चुनौति र अलमल

## राजस्व बाँडफाँट र अनुदान हस्तान्तरण

- स्थानीय तहबाट प्रदेशले प्राप्त गर्ने राजस्व (ढुँगा, गिट्टी, बालुवा, दहत्तर बहत्तरको आम्दानी) उपयुक्त रुपमा प्राप्त नभएको ।
- सघं तथा प्रदेशमा मालपोत, यातायात क्षेत्रको राजश्व स्वचालित बन्न नसकेको
- मालपोत र यातायात व्यवस्था कार्यालयमा जम्मा भएको राजश्व प्रदेश र स्थानीय तहमा बाँडफाँट गर्नुपर्नेमा सो हुन नसकेको,
- स्थानीय तहले संकलन गरेको राजस्वको मासिक विवरण प्रदेशलाई उपलब्ध गराइनसकेको र राजस्व रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा अपेक्षित रुपमा जम्मा नभएको ।
- विकास साझेदार तथा गैरसरकारी संस्था परिचालनको उपयुक्त प्रणाली बन्न नसकेको ।

# थप समस्या तथा चुनौती

- धारा २३५ बमोजिम संघीय शासन सञ्चालन सम्बन्धी कानून बनिनसकेको,
- संविधानको अनुसूची बमोजिम कार्यक्षेत्रगत योजना र सम्पत्ति हस्तान्तरण र बरबुझारथ भइनसकेको,
- साझा अधिकार तथा कतिपय एकल अधिकारका बारेमा स्पष्ट संघीय कानून बनिनसकेको,
- क्षेत्राधिकारमा प्रयोगमा दोहोरोपन र अलमल कायमै रहेको: योजना, सडक, शिक्षा, विद्युत, स्वास्थ्य, कृषि, वन आदिको भूमिका र लक्ष्य स्पष्ट नभएको
- कतिपय विषयका कानून कस्ले वनाउने, बनाइदिने र लागू गर्ने भन्ने अन्यौल रहेको,
- राजश्व, आन्तरिक श्रोतसाधन प्राप्ति र परिचालनको सामार्थ्यता कमजोर रहेको,
- संघ, प्रदेश र स्थानीय तह फरक फरक गतिमा दौडिएका,
- राजनीति नतिजा खोज्ने तर प्रशासन प्रक्रियामा हिड्नु पर्ने,
- उपलब्ध स्रोत साधनको उपेक्षा गरी थप श्रोतसाधन तिर ध्यान केन्द्रीत भएको।

# आगामी बाटो

क) आपसी अन्तरसम्बन्ध बलियो बनाउने आधारहरु

ख) सवलीकरणका लागि आगामी उपायहरु

# आपसी अन्तरसम्बन्ध बलियो बनाउने आधारहरु:

- तीन तहबीच मापदण्ड र कार्यान्वयन रणनीति सहित साझा प्रतिवद्धता
- अन्तर समन्वय सम्बन्धी कानुन
- एकीकृत मानव संसाधन विकास योजना
  (वार्षिक जनशक्ति योजना – बजेटको निश्चित हिस्सा मानव पूँजी निर्माणमा)
- सवल नीति निर्माणका लागि विज्ञताको विकास
- श्रोत साधन परिचालनको एकीकृत छाता नीति
- संघ, प्रदेश र स्थानीय तहको साझा आचारसंहिता
- करको दायरा फराकिलो बनाई आत्मनिर्भर हुन सबलीकरण गर्ने (संकलित कर संघ, प्रदेश र स्थानीय तह जहाँ दाखिला गर्नु पर्ने हो त्यहाँ दाखिला गर्ने)
- आय र व्ययको स्वचालित प्रतिवेदन प्रणाली स्थापित गर्ने प्रतिवद्धता
- अनुगमन प्रणाली वस्तुगत बनाउन अनुगमनको बैज्ञानिक अनुगमन
- नीतिगत तथा कार्यगत भ्रष्टाचार रोक्न सुशासन सम्बन्धी रणनीतिक प्रतिवद्धता

# आगामी दिशा के हुने ?

- संविधानको धारा २३२ अनुसार तीनै तहबीच सहकारिता, सह-अस्तित्व र समन्वयमा आधारित सम्बन्ध स्थापित गर्ने
  - अन्तरसरकार सम्बाद समिति: एकै ठाँउबाट समस्या/सवालको सम्बोधन गर्ने
  - नियमित र निरन्तर सम्पर्क र सम्बाद गर्ने संयन्त्रको विकास गर्ने: आधुनिक प्रविधिमैत्री समन्वय संयन्त्र तथा टेलिफोन, पत्राचार र भेटघाट आदि
  - संघीयताका राम्रा अभ्यासको बहस/पैरबी, प्रचार प्रसार, अन्तरक्रिया
  - लविङ गर्ने : प्रदेश समृद्धि खातिर गरीबी, विधेद, बञ्चिति विरुद्ध जुध्न र संभावनाको उपयोग गर्न पूर्वाधार एवं विशेष र ठूला योजना योजना ल्याउन र अनुदान हिस्सा बढाउन
  - समृद्धि विकास र योजनाका लागि सहमति र सहकार्यको साझा संस्कृति निर्माण,
  - राजनीतिक, आर्थिक, सामाजिक विकासका आयाम र चुनौतिको विश्लेषण गरी सबैखाले सम्भावनाको भरपुर उपयोग गर्ने योजना निर्माण गरी अघि बढ्ने,

# आगामी दिशा के हुने ?

- अनुदानको असल र सार्थक प्रयोग गर्ने प्रणालीको विकास
- प्रदेश र स्थानीय तहबीचको अपरिहार्य सम्बन्ध थप प्रभावकारी बनाउने
- असल अभ्यास र पद्दतीको अनुशरण गर्ने
- अन्तरसम्बन्धित र आन्तरिक समन्वयका साझा उपायहरुको खोजी गरी अघि बढ्ने
- प्रदेशको विकासमा एकाकार हुन भूतपूर्व प्रशासक, योजनाविद, प्राध्यापक, कानूनविद आदि अनुभवी जनशक्तिको रोष्टर बनाई अन्तरक्रियाबाट सुझाव लिने,
- प्रदेश र स्थानीय तहको स्वचालित र एकीकृत विकासका लागि साझा प्रतिवद्धतामा सहमति र सहकार्य संस्कृतीको विकास गर्ने
- प्रदेश र स्थानीय तहको समग्र उन्नतिका लागि साझा सवालको सम्बोधन गर्न संघीय सरकारसँग एकीकृत र समन्वयात्मक आवाज उठाउने
- सम्बृद्धि र सुशासनका लागि रणनीतिक साझेदारी गर्ने
- प्रादेशिक योजना र स्थानीय तहका योजनाबीचको अन्तरआवद्धता सुदृढ गर्ने

# आगामी दिशा के हुने ?

❑ समृद्धिको लागि तहगत साझा रणनीति तयार गरी अघि बढ्ने,

- योजनाको प्राथमिकीकरण, जिम्मेवारी तथा जोखिमको आँकलन, समयसारिणी, समन्वय, स्रोत साधन तथा संस्थागत बन्दोबस्ती, नतिजामुखी अनुगमन मूल्याङ्कन पद्दतिको निर्माण,
- स्थानीय तहका नीति योजना कार्यान्वयनमा सहकार्य र सहयोगको सँस्कृति विकास,
- तीन तहका सरकारबीच योजना कार्यान्वयनमा सामञ्जस्यता,
- योजनाको बर्गीकरण गरी कार्यान्वयनमा जवाफदेहिता र साझेदारी,
- अन्तरसम्बन्धित कानून तथा योजना निर्माण गर्दा पारस्परिक सहभागिता तथा साझेदारी पद्दति,
- स्वचालित रुपमा पारस्परिक तथ्याङ्क अभिलेख तथा प्रतिवेदन प्रणाली,
- गन्तव्य सहितको रणनीतिक कार्ययोजना र कार्यान्वयनको साझा प्रतिवद्धता,
- वित्तीय सुशासन, भ्रष्टाचार नियन्त्रण र समतामूलक समाज निर्माणका लागि रणनीतिक साझेदारी
- अनुशासन र आचरणका लागि साझा प्रतिवद्धता



# सुझावको अपेक्षा

# धन्यवाद

ढुण्डी प्रसाद निरौला
सम्पर्क नं.९८५१२५४५७७
इमेल:nirauladp@yahoo.com